मिति २०८१/०८/०४ गतेका सचिव बैठकका निर्णयहरु

१. मिति २०८१।६।७ र २०८१।७।०५ को सचिव बैठकवाट भएका निर्णयको कार्यान्वयनमा शीघ्रता दिई ७ दिनभित्र निर्णय कार्यान्वयनको प्रगति पठाउने र अब हुने सचिव बैठकका निर्णय कार्यान्वयनको प्रगति नियमित रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२. मुख्यसचिवको अध्यक्षतामा मिति २०८१/७/२१मा बसेको सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी तथा मिति २०८१/७/२३ मा बसेको राजस्व चुहावट नियन्त्रण सम्बन्धी वैठकको निर्णय शीघ्र कार्यान्वयनमा ल्याउने। अर्थ मन्त्रालयले राजस्व चुहावट नियन्त्रणका लागि गठन गर्नुपर्ने अनुगमन टोलीलाई कार्यविवरण दिई काममा खटाउने। भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले सम्बन्धित अन्य मन्त्रालयसँग सहकार्य गरी सहकारी संस्था वचत रकम दुरुपयोगको सम्बन्धमा संसदीय छानबिन समितिको प्रतिवेदन, २०८१ ले औंल्याएका कार्य तत्काल अगाडि बढाउने।

३. हरेक मन्त्रालयले कर्मचारी दरवन्दी र कार्यरत कर्मचारी संख्याको अद्यावधिक विवरण तयार गर्ने। कार्यालयबाट सरुवा भएका कर्मचारीलाई अनिवार्य रुपमा ७ दिनभित्र रमाना दिने। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले सबै मन्त्रालयमा कार्यरत कर्मचारीको तलवभत्ता सम्बन्धी विवरण तयार पार्ने। सेवा सञ्चालन गर्ने मन्त्रालयले यस सम्बन्धी सम्पूर्ण कार्य १५ दिनभित्र सम्पन्न गरी आगामी सचिव बैठकमा पेश गर्ने।

४. सबै सार्वजनिक निकायले PAMS प्रयोगको सुनिश्चितता गर्ने। सबै मन्त्रालय/निकायले आ-आफ्नो मातहतमा रहेको सार्वजनिक जग्गाको विवरण अद्यावधिक गरी महालेखा नियन्त्रकको कार्यालयमा पठाई प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यलयलाई जानकारी दिने। तथा सबै मन्त्रालयले सवारी साधनको अद्यावधिक विवरण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई उपलब्ध गराउने।

५. मिति २०८१/०६/०७ को सचिव बैठकबाट *"सेवा प्रदान गर्ने प्रत्येक कार्यालयमा सेवाग्राहीले QR Code मार्फत नागरिक वडापत्र हेर्न/पढ्न सक्ने प्रवन्ध गर्ने"* भन्ने निर्णय भएको सन्दर्भमा यस्तो व्यस्था स्थानीय तहमा समेत कार्यान्वयन गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा परिपत्र गर्ने।

६. प्रदेश सरकारबाट वैदेशिक मनोनयन र भिसा सिफारिस सम्बन्धि विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने अभ्यास रहेकोमा संघ, प्रदेश र स्थानिय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन,२०७७ को दफा ३१ मा "यस ऐन बमोजिम समन्वय वा अन्तर सम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेश वा स्थानीय तहले संघसँग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्नुपर्ने छ" भन्ने उल्लेख भएकोले अब उप्रान्त प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने निर्देशिका २०७६ को बुँदा ६(क) मा रहेको प्रदेश मुख्यमन्त्री र बुँदा ६ (ख) मा रहेको प्रदेश सभाका सभामुख बाहेकका अन्य विषयका हकमा परराष्ट्र मन्त्रालय मार्फत गर्ने।

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

७. परराष्ट्र मन्त्रालयले प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने निर्देशिका २०७६ लाई १ महिनाभित्र परिमार्जन गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।

८. सरकारी कामकाजमा बाहेको अन्य व्यक्तिगत प्रयोजनका लागि विषेश तथा कुटनीतिक राहदानी प्रयोग नगर्ने नगराउने। यसको लागि परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

९. सम्बन्धित मन्त्रालय/निकायको कार्यक्षेत्रमा उपयोगी हुने विषयमा मात्र नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी औचित्य खुलाई बैदेशिक भ्रमणका लागि कर्मचारी मनोनयन गर्ने। मन्त्रिपरिषद्मा भ्रमण स्वीकृति सम्बन्धि प्रस्ताव पठाउँदा वैदेशिक भ्रमणमा जाने टोलीमा रहेका सम्पूर्ण कर्मचारीको विवरणलाई समेत अनुसुचीमा समावेश गरी अनिवार्य रुपमा प्रस्तावका साथ संलग्न गर्ने।

१०. प्रयोग गर्न सक्ने जनशक्ति र आवश्यक पूर्वाधार तथा औचित्यबिना कुनै पनि सार्वजनिक निकायले मेशिन र उपकरण खरिद नगर्ने। खरिद गरिसकिएका उपकरणलाई प्रयोगमा ल्याउने र आफ्नो निकायमा प्रयोग हुन नसक्ने उपकरण अन्यत्र उपयोगमा ल्याउन सकिने अवस्थामा उपयुक्त निकायमा हस्तान्तरण गर्ने। यसको समन्वय महालेखा नियन्त्रकको कार्यालयले गर्ने।

११. सबै मन्त्रालय/निकायले आफूसँग सम्वन्धित अदालतमा विचाराधीन मुद्दाको लगत तयार गरी कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र महान्यायधिवक्ताको कार्यालयमा आवश्यक विवरणसहित पठाउने तथा महान्यायधिवक्ताको कार्यालयमार्फत सम्मानित अदालतसँग समेत आवश्यकता अनुसार समन्वय गरी विचाराधीन मुद्दा फछ्र्यौटलाई शीघ्रता दिने ।

२०८१।५।४

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं